नेपाल गजेट

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३] काठमाडौं, ज्येष्ठ १६ गते २०२० साल अतिरिक्ताङ्क ६

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइ बक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ ।

२०२० सालको ऐन नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

जुवा खेल्न वा खेलाउन निषेध गर्न बनेको ऐन

नेपालका नागरिकहरूको आर्थिक हित एवं सदाचारको निमित्त जुवा खेल्न वा खेलाउनमा प्रतिबन्ध लगाउन आवश्यक एवं वाञ्छनीय भएकोले,

397

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्तनाम, विस्तार र प्रारम्भः—(१) यस ऐनको नाम "जुवा ऐन, २०२०" रहेकोछ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन २०२० साल भाद्र १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः— यस ऐनमा "जुवा" भन्नाले सम्पत्ति हार्ने वा जित्ने गरी कुनै संयोगको आधारमा बाजी थापी खेलेको कुनै खेल सम्झनु पर्छ ।

तर सो शब्द ले श्री ५ को सरकारको अनुमति लिई आयोजना गरिएको कुनै सार्वजनिक चिट्ठालाई र मनोरञ्जनको लागि कुनै सार्वजनिक मेला वा प्रदर्शनीमा खेलिएको खेललाई जनाउँदैन ।

३. जुवा खेल्न वा खेलाउनमा प्रतिबन्धः— (१) कुनै व्यक्तिले जुवा खेल्न खेलाउन वा जुवा खेल्ने खाल थाप्न वा आफ्नो हकको वा आफ्नो भोग चलन वा जिम्माको कुनै घर, कोठा वा ठाउँलाई जुवा खेल्ने वा खेलाउने काममा व्यवहार गर्न वा गराउन, जुवा खेलेको ठाउंमा बस्न हुँदैन ।

(२) कुनै व्यक्तिले उप-दफा (१) बमोजिम कसूर हुने काम कुरा भएको वा हुन लागेको देखी जानी सो दबाउन वा त्यस्तो कसूर गर्नको निमित्त अरू केसैलाई कुनै प्रकारको मदत वा दुरुत्साहन दिन हुंदैन ।

४. दफा ३ मा मनाही गरेको काम गर्ने वा गराउनेलाई सजायः— कुनै व्यक्तिले दफा ३ मा मनाही गरिएको कुनै काम गरे वा गराएमा निजलाई त्यस्तो प्रत्येक कसूर बापत देहाय बमोजिम सजाय हुनेछः—

(क) जुवा खेलेमा पहिलो पटकलाई रू. २००। सम्म जरिवाना,
दोस्रो पटकलाई एक महीनादेखि तीन महीनासम्म कैद र तेस्रो पटकदेखिकोलाई १ वर्ष कैद,

तर पहिलो पटक भएको जरिवानाको सजाय तिर्न नसकी सो बापत एक बमोजिम कैद स्याद ठेक्दा दुई महीनाभन्दा बढी कैद हुने भयो भने पनि दुई महीनाभन्दा बढी ठेकिने छैन ।

(ख) आफ्नो हकको वा आफ्नो भोग चलन वा जिम्माको कुनै घर, कोठा वा ठाउँलाई जुवाको खाल थाप्ने वा अरू कुनै प्रकारले जुवा खेल्न काममा लगाएमा वा लगाउन दिएमा पहिलो पटकलाई रू. ३००। जरिवाना र दोस्रो पटकदेखिकोलाई तीन महीनादेखि नौमहीनासम्म कैद,

(ग) जुवा खेल्न लागेको ठाउँमा जुवा खेल्नको निमित्त सरसापट दिएमा साहूको थैली भूस गराई सो दिएको थैलीको डेढी बढाई जरिवाना,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अरू काम गरे गराएमा रू. ५०— सम्म जरिवाना ।

५. जुवा खेल्न उपयोग गरिएका सबै सामान जफत गर्ने:— दफा ४ बमोजिम सजाय हुने कसूर गर्ने उपयोग गरिएको वा उपयोग गर्ने मनसायले लगिएका वा राखिएका सबै नगदी जिन्सी जफत गरिने छ ।

६. जाहेरवालालाई सजाय नहुने:— (१) दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ मा मनाही गरिएको कुनै काम गर्ने कुनै व्यक्ति आफैले पक्राउ हुनुभन्दा अगावै सो कुरा मुद्दा चलाउने अधिकारीका समक्ष जाहेर गरी साक्षी हुन मञ्जूर गरेमा निजलाई सजाय हुनेछैन ।

(२) दफा ४ को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो खण्ड बमोजिम सजाय पाउने कुनै व्यक्तिले वारदातको साँचो कुरा बताएको छ भन्ने अदालतलाई लागेमा त्यस्ता व्यक्तिलाई अदालतले सजाय नगर्न पनि सक्तछ ।

७. जाहेरवालालाई पुरस्कार:— दफा ३ मा मनाही गरिएको कुनै काम गरे भएको कुरा जाहेर गर्ने व्यक्तिलाई निजको जाहेरीबाट चलेको मुद्दामा दफा ४ बमोजिम कसूरदारहरूबाट उपर भएको जरिबानाको सयकडा तीस पुरस्कार दिइने छ ।

८. जुवा सम्बन्धी विशेष व्यवस्था:— (१) यस ऐनका अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले कुनै खास स्थान वा क्षेत्र तोकी स्वीकृति दिएमा दफा ३ मा लेखिएको कुनै काम गरे गराएमा यो ऐन बमोजिम कारवाइ चलाइने र सजाय गरिने छैन ।

(२) उप-दफा १ बमोजिम स्वीकृति दिंदा श्री ५ को सरकारले आवश्यक शर्त तोक्न सक्नेछ ।

९. रूपान्तर:— अन्य प्रचलित नेपाल कानूनमा बाहुमासे जुवा भन्ने शब्दहरू उल्लेख भएको ठाउँमा सो शब्दहरूको सट्टा "जुवा" भन्ने शब्द राखिएको छ ।

१०. हद म्याद:— यस ऐन बमोजिम कसूर ठहरिने काम कुरा गरे भएको ३५ दिनभित्र मुद्दा दायर भइनसकेकोमा सो काम कुराका सम्बन्धमा सो हद म्यादपछि मुद्दा चल्ने छैन ।

लालमोहर सदर मिति २०२०।२।१६।५

आज्ञाले—
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह-सचिव,
कानून तथा न्याय मन्त्रालय ।

३८७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि-प्रकाशित गरिएको छ ।

२०२० सालको ऐन नं. २

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

मेट्रिक पद्धतिमा आधारित नाप र तौलको स्टैण्डर्ड कायम गर्न बनेको ऐन

नेपाल अधिराज्यभर मेट्रिक पद्धतिमा आधारित नाप र तौलको स्टैण्डर्ड कायम गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "स्टैण्डर्ड नाप र तौल ऐन, २०२०" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अरू विभिन्न दफाहरू श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकिदिएको ठाउंमा तोकिदिएको मितिदेखि तोकि-दिएको विभिन्न कार्यक्षेत्र वा मालसामानको सम्बन्धमा प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "नाप र तौलको प्रथम साधारण सम्मेलन" भन्नाले सन् १८८६ मा पेरि-समा भएको कान्फरेन्स जनरल देश ल्वाएडस एट मेजर्सलाई सम्झनुपर्छ,

(ख) "नाप र तौलको अन्तर्राष्ट्रिय ब्यूरो" भन्नाले फ्रान्सको सेभरिसमा रहेको ब्यूरो इन्टरनेशनल देश ल्वाएडस एट मेजर्सलाई सम्झनुपर्छ,

(ग) "किलोग्राम" भन्नाले नाप तौलको अन्तर्राष्ट्रिय ब्यूरोमा रहेको नाप तौलको प्रथम साधारण सम्मेलनले किलोग्रामको अन्तर्राष्ट्रिय प्रतिमूर्ति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(प्रोटो–टाइप) भनी घोषित गरेको प्लाटिनम इरिडिएमको ढयाक (सिलिन्डर) को राशी (मास) लाई सम्झनुपर्छ ,

(घ) "मिटर" भन्नाले नाप र तौलको पहिलो साधारण सम्मेलनले अन्तर्राष्ट्रिय प्रतिमूर्ति (प्रोटो–टाइप) भनी घोषित गरेको र नाप तौलको अन्तर्राष्ट्रिय ब्यूरोको जिम्मामा रहेको प्लाटिनम एरिडिएमको छडी (बार) मा खिचिएको दुई मध्य रेखाको अक्षहरूको बीचको शून्य डिग्री सेन्टीग्रेड तापक्रम र सामान्य वायुमण्डलको चापमा हुने फासलालाई जनाउंछ ,

(ङ) "सामान्य वायुमण्डलको चाप" भन्नाले प्रतिवर्ग मिटर १०१३२५ न्यूटनको चाप सम्झनुपर्छ ।

स्पष्टीकरण:– (१) एक किलोग्रामको राशीलाई एक मिटर प्रति सेकेण्ड प्रति सेकेण्डको दरले गति बढाउने बल (फोर्स) लाई न्यूटन मानिन्छ ।

३. लम्बाइको इकाई:– (१) लम्बाईको मूल इकाई एक मिटर हुनेछ ।

(२) श्री ५ को सरकारले मिटरको परिमाण (भेल्यू) निकालन मिटरको एक राष्ट्रिय प्रतिमूर्ति बनाउन लगाउनेछ र सो प्रतिमूर्ति मिटरको अन्तर्राष्ट्रिय प्रतिमूर्तिसंग सम्बन्ध राखी प्रमाणित गरिनेछ । उक्त मिटर श्री ५ को सरकारले तोकिदिएको ठाउँमा र व्यक्तिको जिम्मा रहनेछ ।

४. राशीको इकाई:– (१) राशीको मूल इकाई एक किलोग्राम हुनेछ ।

(२) श्री ५ को सरकारले किलोग्रामको परिमाण निकालन किलोग्रामको एक राष्ट्रिय प्रतिमूर्ति बनाउन लगाउनेछ र सो प्रतिमूर्ति किलोग्रामको अन्तर्राष्ट्रिय प्रतिमूर्तिसंग सम्बन्ध राखी प्रमाणित गरिनेछ र उक्त किलोग्राम श्री ५ को सरकारले तोकिदिएको ठाउं र व्यक्तिको जिम्मा रहनेछ ।

(३) उप–दफा (१) र दफा १२ मा जेसुकै लेखिएको भए तापनि बहुमूल्य रत्नको राशीको मूल इकाई एक क्यारेट रहनेछ र उक्त एक क्यारेट एक किलोग्रामको पाँच हजार खण्डको एक खण्डको बराबर हुनेछ ।

(४) कुनै स्थानमा तौलको स्टैण्डर्ड इकाई सो स्थानमा मूल इकाई राशीको तौल हुनेछ ।

५. समयको इकाई:– (१) समयको मूल इकाई एक सेकेण्ड हुनेछ ।

(२) एक सेकेण्ड भन्नाले सन् १९०० जनवरीको पहिलो दिनमा १२.०० बजे विश्व समयदेखि शुरू भएको सन् १९०० को क्रान्तिक (ट्रपिकल) वर्षको अवधिको ३१,५५६,९२५,९७५ खण्डको एक खण्डलाई सम्झनु पर्छ ।

६. विद्युतको इकाई :– (१) विद्युत धाराको इकाई एक एम्पियर हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) एक एम्पियर भन्नाले नगण्य गोलाकार अनुप्रस्थखण्ड (मेग्निजीबल सर्कुलर क्रश सेक्शन) भएको शून्य वायुमण्डलमा एक मिटरको फासलामा रहेको असीमित लम्बाइको दुई समानान्तर सोझो सुचालक (कन्डक्टर) हरूमा एकसाथको गतिले बगी ती सुचालकहरूको बीचमा प्रति मिटर २ × १०–७ यूटन बल उत्पन्न गर्ने विद्युत धारालाई सम्झनु पर्छ।

७. तापक्रमको नाप:– तापक्रमको नाप सेन्टिग्रेड यानि सलासिएस पद्धतिद्वारा गरिने छ र उक्त सेन्टिग्रेड पद्धतिमा सामान्य वायुमण्डलको चापमा बरफ पग्लिने तापक्रम शून्य डिग्री सेन्टिग्रेड र पानी उम्लिने तापक्रम एक सय डिग्री सेन्टिग्रेड मानिनेछ ।

८. प्रकाशको इकाइ:– (१) प्रकाश तीव्रता (लुमिनश इन्टेन्सिटी) को इकाई एक क्यान्डेला हुनेछ ।

(२) एक क्यान्डेला भन्नाले कालो पिण्ड पूर्ण विकिरक (इन्टिग्रल रेडियटर ब्लाक बडी) को एक सेन्टिमिटर लम्बाइ एक सेन्टिमिटर चाडाइको क्षेत्रफलबाट प्लाटिनम जम्ने तापक्रममा साधारणतः प्रसारित हुने प्रकाश तीव्रताको साठी खण्डको एक खण्डलाई सम्झनु पर्छ ।

९. क्षेत्रफलको इकाइ:– क्षेत्रफलको मूल इकाइ एक वर्गमिटर हुनेछ ।

१०. आयतन (भोल्यूम) को मूल इकाइ:– आयतनको मूल इकाइ क्यूबिक मिटर हुनेछ ।

११. ग्राहिता (क्यापासिटी) को इकाइ:– (१) ग्राहिताको इकाइ लिटर हुनेछ ।

(२) एक लिटर भन्नाले पानीको सबभन्दा बढी घनत्व हुने तापक्रम र सामान्य वायुमण्डलको चापमा निर्मल वायु रहित एक किलोग्राम राशी भएको पानीले ग्रहण गर्ने आयतनलाई सम्झनु पर्छ ।

१२. नाप र राशीको दोस्रो इकाइ तोक्ने:– दफा ३, ४, ९, १० र ११ मा उल्लेख गरिएको राशी र नापको इकाइ सम्बन्धमा श्री ५ को सरकारले मुनासिब सम्झेमा नेपाल गजेटमा सूचना प्रकाशित गरी यसै ऐन अन्तर्गत उक्त राशी र नापको दोस्रो इकाइ तोक्न र त्यस्तो राशी र नापको इकाइको परिमाण र संज्ञा (मेग्निच्युड एण्ड डिनोमिनोशन्स) घोषित गर्न सक्नेछ ।

तर हरेक त्यस्तो दोस्रो इकाई त्यस्तो कुनै इकाइको दशको पूर्णघात (पावर) हुनेछ ।

१३. राशी र नापको स्टैण्डर्ड:– (१) दफा ३, ४, ९, १० र ११ मा उल्लेख गरिएको राशी र नापको इकाइ र दफा १२ अन्तर्गत घोषित गरिएको राशी र नापको दोस्रो इकाइहरू राशी र नापको स्टैण्डर्ड मानिनेछन् ।

(२) उप–दफा (१) मा उल्लेख गरिएको नाप र राशीको इकाइहरू बाहेक अरू राशीको नापको इकाइ राशी वा नापको स्टैण्डर्ड मानिनेछैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. कुनै खास किसिमको नाप र तौल प्रचलनमा राख्न दिने श्री ५ को सरकारको अधिकार:- नेपाल अधिराज्यको कुनै ठाउँ वा कार्यक्षेत्र वा मालसामानको सम्बन्धमा यो ऐन लागू भए ता पनि श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी बढीमा पाँच वर्षसम्म त्यस्तो ठाउँ वा कार्यक्षेत्रवा मालसामानहरूको सम्बन्धमा स्टैण्डर्ड राशी र नाप बाहेक सोही गजेटमा तोकिदिएको अरू कुनै नाप र तौलको प्रचलनमा राख्न अनुमति दिन सक्नेछ ।

तर यो ऐन लागू हुनुभन्दा अगाडि तत्काल प्रचलनमा रहेको नाप वा तौल बाहेक अरू कुनै किसिमको नाप वा तौल प्रचलनमा ल्याउने गरी श्री ५ को सरकारले अनुमति दिन सक्नेछैन ।

१५. स्टैण्डर्ड नाप र राशीको सेट:- (१) श्री ५ को सरकारले दफा १३ मा उल्लेख गरिएको स्टैण्डर्ड राशी र नाप वा सो को अपवर्त्य अपवर्त अंश (मल्टिपल्स वा सब मल्टिपल्स) का सेटहरू बनाउन वा बनाउन लगाउन सक्नेछ र त्यस्ता सेटहरूको प्रत्येक राशी र नाप मूल राशी वा नापको इकाइसँग जाँचिएको हो भनी प्रमाणित गर्न लगाउनेछ ।

(२) श्री ५ को सरकारले प्रत्येक गढी गौंडा गोस्वारा वा अरू कुनै ठाउँमा आवश्यक सम्झे जति सेटहरू पठाउनेछ ।

१६. प्रचलित तौल र नापलाई स्टैण्डर्ड तौल र नापमा परिणत गर्ने:-(१)यो ऐन लागू हुनुभन्दा अगाडि प्रचलनमा रहेको नाप र तौलहरूको परिमाणलाई स्टैण्डर्ड नाप वा तौलको रूपमा अनुसूचीमा उल्लेख गरिएका अनुपातिक दरमा परिणत गर्न सकिनेछ ।

(२) उप-दफा (१) मा उल्लेख गरिएका तौल वा नाप बाहेक अरू तौल वा नापको परिमाणलाई स्टैण्डर्ड तौल वा नापको रूपमा परिणत गर्ने र सो को अनुपातिक दर तोक्ने अधिकार श्री ५ को सरकारलाई हुनेछ र त्यस्तो तोकिएको दर नेपाल गजेटमा नै प्रकाशित गरिनेछ ।

(३) कुनै ऐन वा ऐन अन्तर्गतको कुनै आदेश सूचना वा नियम वा कुनै कागजपत्र ठेक्का पट्टा वा लिखतमा उल्लेख गरिएको स्टैण्डर्ड राशी वा नाप बाहेक अरू कुनै तौल वा नापको परिमाण अनुसूचीमा वा उप-दफा (२) अन्तर्गत निकालिएको सूचनामा उल्लेख गरिएको अनुपातिक दरमा परिणत भए गरेको मानिनेछ ।

(४) कुनै लेनदेन वा व्यवहारको सम्बन्धमा व्यक्त गरिएको कुनै नाप वा तौलको परिमाणलाई स्टैण्डर्ड राशी वा नापको रूपमा यस दफा अन्तर्गत परिणत गर्दा नियममा तोकिए बमोजिमको तरीकाबाट गरिनेछ ।

१७. नियम बनाउने अधिकार:- (१) यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-दफा १ मा लेखिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी त्यस्तो नियममा देहायका सबै वा केही कुराको व्यवस्था गर्न सकिनेछः-

(क) दफा १५ मा उल्लेख गरिएका स्टैण्डर्ड नाप र तौल तयार गर्ने गराउने,

(ख) श्री ५ को सरकारबाट अवलम्बन गरिने स्टैण्डर्ड नाप र तौलको सेटको जिम्मा लिने दिने सम्बन्धको बन्दोबस्त गर्ने र त्यस्तो नाप र तौलको समय समयमा जाँचबुझ गर्ने र स्टैण्डर्ड नाप तौलसंग मिलाउने

(ग) गढी, गौंडा गोस्वारा वा अन्यत्र रहेको स्टैण्डर्ड नाप र तौलको समय समयमा जाँचबुझ गर्ने गराउने र श्री ५ को सरकारले अवलम्बन गरे बमोजिमको नाप तौल छ वा छैन निरीक्षण गर्ने,

(घ) साधारण वा कुनै खास किसिमको लेनदेनमा प्रयोग गरिने वा प्रयोग गर्न तयार गरिएको स्टैण्डर्ड नाप र तौलमा के कति अंशसम्म घटी बढी परे कुनै बाधा नहुने हो सो मात्रा तोक्ने

(ङ) कुनै तौल वा नापलाई स्टैंडड राशी र नापको रूपमा परिणत गर्दा सो को परिमाण व्यक्त गर्ने तरीका अपनाउने,

(च) यो ऐन बमोजिम गर्न हुने वा गर्न सकिने अरू कुनै कुराहरू तोक्ने ।

१८. खारेजीः- यस ऐनसंग बाझिएसम्मको प्रचलित नेपाल कानून खारेज गरिएको छ ।

अनुसूची

तौलको स्टैण्डर्ड

१ ग्रेन	०.००००६४७९९	किलोग्राम
१ औंस	०.०२८३४९५	किलोग्राम
१ पौण्ड	०.४५३५९२४	किलोग्राम
१ हण्ड्रेड वेट	५०.८०२	किलोग्राम
१ टन	१०१६.०५	किलोग्राम
१ कं. तौल	०.०११३६३८	किलोग्राम
१ मोहर तौल	०.०११०८०६	किलोग्राम
१ पाउ (मोहर) तौल	०.१९९४५०८	किलोग्राम
१ धार्नी	२.३९३४०९६	किलोग्राम
१ सेर (कं.) तोला	०.९३३१०	किलोग्राम
१ मन	३७.३२४२	किलोग्राम

४०२
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नापको स्टैण्डर्ड

१ इञ्च	०.०२५४	मिटर
१ फुट	०.३०४८	मिटर
१ गज	०.९१४४	मिटर
१ माइल	१६०९.३४४	मिटर
१ पाथि	४.५४५९६	लिटर

लालमोहर सदर मिति २०२०।२।१६।५

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह-सचिव,
कानून तथा न्याय मन्त्रालय।

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित।

४०२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।